दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १२० | बुटवल | २०८२ बैशाख १४, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Apr. 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## सरकार–शिक्षक वार्ता निश्कर्षविहीन

बुटवल । सरकार र आन्दोलनरत नेपाल शिक्षक महासंघका प्रतिनिधिहरूबिच वार्ता विना निष्कर्ष सकिएको छ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा शनिबार बिहान वार्ता भएको थियो

वार्तामा सरकारको तर्फबाट नवनियुक्त  शिक्षा विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त, शिक्षा सचिव दिपक काफ्ले, नेपाल शिक्षक महासंघको तर्फबाट अध्यक्ष लक्ष्मी किशोर सुवेदीसहितका प्रतिनिधिहरू सहभागी रहेका थिए ।

बैठकपश्चात अध्यक्ष सुवेदीले पुनः छलफल र वार्ता गर्ने सहमति भएको बताए । उनले वार्ता र आन्दोलन सँगसँगै जाने बताए ।

विद्यालय कर्मचारी परिषद् अध्यक्ष गंगाराम तिवारीले सरकारले वार्तामा बोलाएकाले मन्त्रालयमा छलफल भएको, तर कुनै निश्कर्षमा नपुगेको बताए । उनलेसरकारसँग सम्झौताभन्दा पनि शिक्षा ऐनकै माग गरिएको बताए । उनले विद्यालय शिक्षा विधेयक संसदमा आएपछि मात्र के गर्ने सोच्ने उल्लेख गरे । उनले भने-'शिक्षक र कर्मचारीको सेवा सुविधाका लागि मात्र होइन शिक्षा सुधारका लागि ऐनको माग गर्दै आन्दोलन जारी राखेका हौं केहि समयमा निकास दिनेछौं निकास दिने निकाय शिक्षा मन्त्रालय र सरकार हो ।'

सरकारले वार्ताका लागि आह्वान गरेसँगै आन्दोलनरत शिक्षकहरू सिंहदरबार गएका थिए शुक्रबार शिक्षा विज्ञान तथा प्रविधि मन्त्री पन्तले शिक्षकहरूलाई मागमा लचिलो भएर वार्तामा बस्न र समस्या समाधानको उपाय खोज्न आग्रह गरेका थिए ।

यसअघि शुक्रबार शिक्षा मन्त्रालयले आफू खुशी शिक्षकहरुको तर्फबाट वार्तामा बस्ने २५ जनाको नाम सार्बजनिक गरेपछि महासंघसँगको वार्ता भाँडिएको थियो ।

गत चैत २० गतेदेखि विद्यालय शिक्षा ऐनको माग गर्दै शिक्षकहरु काठमाडौं केन्द्रित आन्दोलन गरिरहेका छन् ।

## नक्कलीले गणतन्त्र बचाउँदैनन् : सचिव पाण्डेय



बुटवल । नेकपा एकिकृत समाजवादीका केन्द्रीय सचिव एवम् पूर्वमन्त्री सोमप्रसाद पाण्डेयले नक्कली गणतन्त्रवादीहरुले गणतन्त्र जोगाउन नसक्ने बताएका छन् । उनले कतिपय नेताहरु संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सरकारमा बसेपनि उनीहरु असली गणतन्त्रवादी नहुँदा राजावदीहरु सक्रिय भएको बताए ।

नेकपा एकिकृत समाजवादी बुटवल उपमहानगर कमिटिको दोस्रो अधिवेशनको उद्घाटन समारोहलाई शनिबार बुटवलमा सम्बोधन गर्दै सचिव पाण्डेयले यस्तो बताएका हुन् ।

आफूहरुले ठूलो संघर्ष र त्यागबाट गणतन्त्र ल्याएको बताउँदै नक्कली गणतन्त्रवादीहरुकै कारण राजतन्त्रको चर्चा भइरहेको आरोप लगाए। पूर्वमन्त्री पाण्डेयले नेकपा एकिकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको अगुवाईमा गणतन्त्र प्राप्त भएको बताउँदै जोगाउने दायित्व पनि समाजवादीसँगै रहेको बताए ।

'०६२/०६३ सालको जनआन्दोलनपछि गणतन्त्र ल्याउन स्व. गिरिजाप्रसाद कोइराला, माधव कुमार नेपाल र प्रचण्डविच मात्रै सम्झौता भएको हो,' उनले भने -'हस्ताक्षरकर्ताको नाताले पनि गणतन्त्रप्रतीको माया हाम्रो पार्टीलाई छ ।' उनले वर्तमान सरकारकै कारण मुलुकमा निराशा बढेको समेत बताए । जनतामा सरकारले उत्साहभन्दा निराशा बढाउने काम गरेकै कारण राजतन्त्रवादीहरु सक्रिय भएको उनको भनाई छ ।  उनले राजावादीहरुको सक्रियता हुनुमा सरकार नै जिम्मेवार रहेको बताए अहिले मुलुकमा देखिएको कुशासन, भ्रष्टाचारको अन्त्यका लागि अब आफूहरु आन्दोलनको तयारीमा रहेको समेत बताए । संविधानमा लेखिए अनुसार समाजवादी जाने स्पष्ट कार्यक्रम आफूहरुले मात्रै ल्याउने उनको दावी छ । पाण्डेयले मुकुलमा देखिएको भ्रष्टाचारको अन्त्य गरी रोजगारीको ग्यारेन्टी गर्ने गरी समाजवादी कार्यक्रम महाधिवेशनले पारित गरेको बताउँदै पार्टी निर्माणमा एकजुट भएर लाग्न कार्यकर्तालाई निर्देशन दिए। उनले अहिले कुनै पनि पार्टीसँग एकता नहुने समेत स्पष्ट पारे कम्यूनिष्ट पार्टीहरुविच एकता आवश्यक रहे पनि एमालेसँग अहिलेको अवस्थामा एकता सम्भव नै नरहेको बताए। अधिवेशनको उद्घाटन सत्रमा नेकपा एकिकृत समाजवादी केन्द्रीय सदस्य भगवती अधिकारी, रुपन्देहीका अध्यक्ष हिराध्वज शाह, नेकपा एमाले नगर कमिटि अध्यक्ष शोभाखर पोखेल, नेपाली काँग्रेस बुटवलउपमहानगरका कार्यवाहक सभापति ज्योति भण्डारी, नेकपा माओवादी केन्द्रका बुटवल उपमहानगर अध्यक्ष महेन्द्र भुसाल, नेकपा बुटवल नगर सचिव  विष्णु बेल्बासेलगायतले बोल्दै अधिवेशन सफलताको शूभकामना दिए । सोहि कार्यक्रमको अवसर पारी बुटवल उप-महानगर पालिका वडा नं. ११ प्रगति टोल निवासी रमेश परियार एमाले र श्याम सुनार नेपाली कांग्रेस  परित्याग गरि नेकपा एसमा समाहित भएका छन् ।

अधिवेशन अध्यक्ष चिनबहादुर गुरुङको अध्यक्षता, उपाध्यक्ष रुक्माङ्गत घिमिरेको स्वागत तथा सचिव लोकराज शर्माको सञ्चालनमा सम्पन्न भएको थियो, अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।



**अकबरे क्रान्ति :**
पाल्पाको रिब्दीकोट गाउँपालिका–१ ख्याहामा अकबरे खुर्सानीका बेर्ना लगाउँदै किसान रिब्दीकोट गाउँपालिकाभरी यतिखेर किसान अकबरे खुर्सानी खेती लगाउनर मल्चिङ प्लाष्टिक बिछ्याउन व्यस्त छन् । गत वर्ष रिब्दिकोट गाउँपालिकाका किसानले ७ करोड रुपैयाँको खुर्सानी बेचेका थिए तस्विर : रामप्रसाद न्यौपाने ।

# लुम्बिनी बुद्ध दर्शनको उद्गमस्थलः प्रधानमन्त्री

**लुम्बिनी संवाददाता**
*भैरहवा*

प्रधानमन्त्री केपी शर्मा ओलीले लुम्बिनी बुद्ध जन्मस्थल मात्रै नभई यो पावन भूमि बुद्ध दर्शनको उद्गम स्थल रहेको बताएका छन्

लुम्बिनी विकास कोष र सारिपुत्र फाउन्डेसनको संयुक्त आयोजनामा शनिबार लुम्बिनीमा भएको चौथो एसियाली बौद्ध साँस्कृतिक महोत्सवको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यहीबाट बुद्ध दर्शन सुरु भयो र त्यो दर्शन विश्वभरि फैलदै गएको बताए 'यहाँ ४० देशबाट अतिथीहरु  आउनु भएको छ, यो महान उत्सव हो, जुन हामी मनाइरहेका छौं  २६४८ वर्ष पहिले बुद्धको जन्म भयो २५६८ वर्षमा महापरिनिर्माण भएको बुद्धको अनुयायीहरु विश्वव्यापी रुपमा बढ्दै गएका छन्'-उनले भने

हतियार र युद्धले शान्ति स्थापना नसकिने बताउँदै उनले युद्ध र हिंसाको अन्त्यका लागि बुद्धका सन्देश प्रेरणादायी भएको बताए बुद्धका शिक्षाहरु, शान्तिका शिक्षाहरुको झन बढि महत्व रहेको उनको भनाइ छ संसारमा अशान्ति मच्चिरहेको बेला बुद्धका विचारहरूको महत्व बढ्दै गएको प्रधानमन्त्री ओलीले बताए

उनले भने-'बुद्धका शिक्षाहरु शान्ति, करुणा, सहअस्तित्व र पारस्परिक मित्रता, प्रेम जस्ता कुराहरुलाई विस्तार गर्नका लागि विश्वका विभिन्न भागबाट आउनु भएका सबैलाई स्वागत गर्दछु ।'



उनले यहाँको आवश्यकताअनुसार बहुउद्देश्यीय हल बनेको र जसबाट ठूला बौद्ध र आध्यात्मिक कार्यक्रमहरु गर्न सहज बनेको बताउँदै यो हललाई साउण्ड प्रुफ बनाउन समेत आग्रह गरे । सबैले स्पष्ट सुन्न बुझ्नका लागि ध्यानाकर्षण गराउँदै सुविधा सम्पन्न बनाउन आग्रह गरे ।

कार्यक्रममा बोल्दै आयोजककोतर्फ चिनियाँ छयाङ काङले नेपाल र चीनबिचको सम्बन्ध केवल कुटनीतिक र भौगोलिक मात्रै नभई यो साँस्कृतिक, ऐतिहासिक र आध्यात्मिक गहिराईमा आधारित रहेको बताए ।

» *बाँकी ३ पेजमा*

# ललितपुर एनएसएल च्याम्पियन

बुटवल । ललितपुर सिटी एफसीले लगातार दोस्रो पटक नेपाल सुपर लिग (एनएसएल) को उपाधि जितेको छ ।

शनिबार दशरथ रंगशालमा भएको फाइनलमा पोखरा थण्डर्सलाई २-१ ले पराजित गर्दै ललितपुर तेस्रो संस्करणमा अपराजित रहेर च्याम्पियन बन्यो ।

ललितपुरका लागि दुई विदेशी खेलाडी इमोह इजेकेल र पापा इबोउ केबेले गोल गरे । पोखराका लागि एनआरएन खेलाडी सुदिल राईले एक गोल फर्काए ।

ललितपुर अपराजित रहँदै उपाधि जित्ने कीर्तिमान बनाएको छ । यस्तै एनएसएलको उपाधि रक्षा गर्ने पहिलो टिम पनि ललितपुर नै बनेको छ । ललितपुरले एनएसएलमा अपराजित खेलको शृंखला पनि बढाउँदै ११ पुऱ्याएको छ । दोस्रो सिजन अन्तिम ३ खेलमा अपराजित रहेको ललितपुर यस सिजन खेलेको ८ वटै खेलमा अपराजित रह्यो ।

च्याम्पियन ललितपुरले नगद ८० लाख प्राप्त गर्नेछ भने उपविजेता पोखराले ३० लाख हात पार्नेछ ।

खेलको सुरुवात सुस्त रहेपनि इमोह इजेकेलले पहिलो हाफको अन्त्यतिर गोल गर्दै साविक विजेता ललितपुरलाई अग्रता दिलाएका थिए ।

इमोह इजेकेलले खेलको ४२औं मिनेटमा गोल गर्दै ललितपुर सिटीलाई अग्रता दिलाएका थिए ।

इमोह इजेकेलले मनोज राईको क्रसमा गोल गर्दै साविक विजेतालाई अग्रता दिलाए पोखराले आफ्नै गल्तीमा गोल व्यहोरेको छ । बिएस्सी विलियमले क्लियर गरेको बल बक्स बाहिर ललितपुरका सन्तोष क्षेत्रीले पाए । उनले बायाँ भागमा रहेको मनोज राईलाई पास दिए मनोजले क्रस हानेको बल रोक्न पोखराका किपर प्रिसो अघि बढेका थिए त्यही मौकामा इमोहले हेडमार्फत् गोल गरे । यस सिजन उनको यो तेस्रो गोल हो ।

यसअघि इमोहले लिग चरणमा पहिलो गोल पनि पोखरा थण्डर्स विरुद्ध नै गरेका थिए । जुन खेल ललितपुरले ३-२ ले जितेको थियो अर्को गोल गिमा एफसी चितवन विरुद्ध गरेका थिए ।

दोस्रो सिजन ललितपुरले उपाधि जित्दा सर्वाधिक ६ गोल गरेका इमोहले एनएसएलमा सर्वाधिक ९ गोल गर्ने धनगढी एफसीका अहमद हिजाजीको कीर्तिमान पनि भेट्टाएका छन् ।

पहिलो हाफमा ललितपुरले पाएको यो नै सबैभन्दा राम्रो अवसर थियो र त्यसमा गोल पनि भयो ।

त्यसअघि पोखराका स्टेफेन समिर विनोङले पनि राम्रो अवसर पाएका थिए तर गोल गर्न सकेनन् ।

पोखराका लागि सुदिल राईले ६३औं मिनेटमा बराबरी गोल फर्काए खेल १-१ को स्थितीमा पुगेपछि रोमाञ्चक बनेको थियो ।

पदम भट्टराईले दायाँ भागबाट दिएको क्रस सुरुमा स्टेफेन समिर विनोङले हेड हानेका थिए । त्यसका ललितपुरका गोलकिपर जेफ्री बाल्टुसले बल रोकेपनि पूर्ण रुपमा क्लियर गर्न नसकेपछि नजिकै रहेका सुदिलले गोल गरे ललितपुरका सनिशले सुदिललाई रोक्ने प्रयास गरेपनि सफल भएनन् ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# लू बाट बचौँ, बचाऔँ

केही दिनयता अत्याधिक गर्मीले जनजीवन प्रभावित भएको छ । गर्मीसँगै तातो हावा लू ले जनजीवन थप कष्टकर बन्ने देखिएको छ। अत्याधिकगर्मीसँगै तातो हावा चलेकोले दिउँसो र खुला ठाउँमा कामकाज गर्नेहरु झनै समस्यामा छन् । तातो हावाको असर गरिब र सीमान्तकृत समुदायलाई धेरै असर पर्ने भएकाले उनीहरूलाई लूबाट जोगाउने कार्यक्रम ल्याउनुपर्छ ।

चिकित्सकहरूका अनुसार, गर्मी मौसममा तातो हावा र बढ्दो तापक्रमका कारण लू लाग्दा स्वास्थ्य जोखिम निम्तिने खतरा बढी हुन्छ । यदि अचानक शरीरको तापक्रम बढ्यो वा धेरै टाउको दुख्यो भने सावधान हुन जरूरी हुन्छ । यी दुवै लक्षण देखिए लू लागेको बुझ्नुपर्छ । लू ले मिर्गौला, दिमाग र मुटुमा धेरै प्रभाव पार्दछ। जसबाट यी अंगहरूको कार्य क्षमता प्रभावित हुन्छ। लू लागेपछि नाडी र श्वासप्रश्वासको गति तीव्र हुन्छ । छाला रातो हुनुलाई पनि लू को लक्षणका रुपमा लिने गरिन्छ । चिकित्सकहरु केही मानिसहरूमा लू का कारण छिटो छिटो पिसाब आउने, शरीर चिलाउने आदि लक्षणहरू देखा पर्ने बताउँछन् ।

जलवायु परिवर्तनले अत्याधिक गर्मीको जोखिम बढिरहेको छ। यसले जनजीवनमा पार्ने प्रभावबारे सरकारले राष्ट्रिय रणनीति बनाएर अगाडि बढ्नुपर्ने छ । लूबाट बच्नका लागि गर्मीसँग लड्ने राष्ट्रिय स्वास्थ्य रणनीति के हो ? अब सामान्य रुपमा लिनु हुँदैन् । जाडो याममा जाडो भइहाल्छ। र गर्मीयाममा गर्मी भइहाल्छ नि भनेर हल्का रुपमा लिने हो भने कृषि उत्पादनदेखि नागरिकको स्वास्थ्यमा जोखिम बढ्छ। यो जोखिम सामना गर्ने रणनीति नहुँदा सरकारले गर्ने काम प्रभावकारी नहुन सक्छन् ।

गर्मीयाममा पहाडमा सामान्य रहने मौसम अहिले तातिरहेको छ । तराईमा औषतभन्दा वृद्धि भइरहेको छ । अत्याधिक तातो अवस्थामा कृषि उत्पादन, वनस्पति र मान्छेको स्वास्थ्यमा पार्ने असरबारे कार्ययोजना बनाएर बढ्न सक्दा मात्रै जोखिमको सामना गर्न सक्ने सामर्थ्य तयार हुन्छ।

जलवायु परिर्वतनका समग्र असरबारे विश्लेषण गर्दै अघि बढ्नुपर्ने छ नै, लु को प्रभाव र जोखिमबाट बच्न सरकारी निकायले योजनाबद्ध कामको थालनी गर्न ढिलाइ गर्न हुन्न । लूलाई सामान्य ठान्नुभन्दा चर्को गर्मी र तातो हावा हरेक वर्ष लाग्ने भएकाले नागरिकको आवश्यकता अनुसारका संरचना बनाउने र नागरिकको जीवन जोगाउने दीर्घकालीन योजना र कार्यक्रम चलाउनुपर्छ । अर्कोतर्फ तत्काल गर्नुपर्ने काम अस्पतालमा शैया, औषधि, स्वच्छ खानेपानीलगायतको प्रबन्ध पनि उत्तिकै आवश्यक छ।

# आउँदो मनसुन अनि सम्भावित महामारीको जोखिम



डा.शेरबहादुर पुन

“यो वर्ष कुन सङ्क्रमण प्रकोप/महामारीका रुपमा देखिएला ?” यो प्रश्नको तत्काल सटिक उत्तर त नहोला तर विगतको अनुभव अनि कमजोरीबाट भने सम्भावित सङ्क्रमण महामारीको अनुमान गर्न भने सकिन्छ । नेपालले बर्सेनि विशेषतः मनसुनको समयमा कुनै न कुनै प्रकोपको सामना गर्दै आइरहेको इतिहास छ । यसमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपले थप समस्या दिएको देखिन्छ। एक दशकअगाडिसम्म पानीजन्य सङ्क्रमणको महामारी बढी देखिने गर्दथ्यो भने पछिल्ला केही वर्षयता तुलनात्मक रुपमा कीटजन्य रोगले तीव्र गति लिइरहेको देखिन्छ । यद्यपि पानीजन्य सङ्क्रमणको जोखिमपूर्ण रुपमा नियन्त्रणमा आइसकेको भन्न खोजिएको भने होइन । अब चाँडो नेपालमा मनसुनको प्रवेश हुँदै गर्दा मौसमी महामारीको जोखिम पनि बढ्दै गइरहेको छ । विगतका अनुभवहरुका आधारमा सम्भावित महामारीको विश्लेषण यहाँ गर्न खोजिएको हो ।

**डेंगु**

केही दिनअगाडि समकक्षीहरुसँग बसिरहेको बेला लामखुट्टे अघिपछि गरिरहेको थियो। मनसुन भित्रिसकेको त छैन, तर लामखुट्टे सक्रिय हुनु केही अस्वाभाविक, तर बढी चिन्ताको विषय भने पक्कै मान्नु पर्दछ। स्मरण रहोस्, सन् २०१९ मा धरानमा डेङ्गु अचानक फैलँदा नेपालमा मनसुन प्रवेश गरिसकेको अवस्था थिएन । अर्थात् त्यो बेला बेमौसमी झरी पर्दा लामखुट्टेको अस्वाभाविक वृद्धि अनि एकपछि अर्को जिल्ला हुँदै डेङ्गु अन्तत्वोगत्वा काठमाडौँसम्म आइपुग्दा काठमाडौँवासीले पहिलोपटक डेङ्गुको ठूलो चुनौतीको सामना गर्नु परेको थियो । आधिकारिक तथ्याङ्कलाई हेर्ने हो भने हाल केही वर्षयता लगभग १२ महिनाजसो डेङ्गु देखिन थालेको छ । ठूलो र लामो महामारीको रुप लिने हो भने मनसुन सुरु भएदेखि नै डेङ्गु फैलन थाल्ने गरेको अनि कुनै निश्चित ठाउँमा प्रकोपको रुप लिँदा भने ‘पोष्ट मनसुन’ अर्थात् दसैँ-तिहार पछि डेङ्गु देखिने गरेको लेखकको अनुभव छ । सन् २०२२ मा डेङ्गुले काठमाडौँमा विनाशकारी महामारी निम्त्याएको थियो ।

यो सन् २०१९ पछि तीन वर्षको अन्तरालमा देखिएको सबैभन्दा ठूलो महामारी थियो । नेपालको तथ्याङ्कलाई हेर्ने हो भने दुईदेखि तीन वर्षको अन्तरालमा डेङ्गुले प्रकोप/महामारीको स्वरुप लिने गरेको छ। प्रत्येक महामारीसँगै भाइरसको सङ्क्रामकता, आक्रमकता र जटिलता पनि बढ्दै गएको देखिन्छ । यसर्थ पनि अब काठमाडौँमा डेङ्गुले कुनै पनि समयमा नयाँ महामारीको लहर निम्त्याउन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन । र, त्यो विगतको भन्दा अझ बृहत् नहोला भन्न सकिँदैन । तर, दुर्भाग्य नै भन्नुपर्छ कि हामीले अझ पनि डेङ्गु रोक्ने उपायहरुलाई गम्भीरताका साथ लिने वा नियन्त्रणका लागि पर्याप्त प्रयास गरेको भने देखिँदैन ।

**स्क्रब टाइफस**

यो रोग ‘ओरिएनटा सुसुगामुसी’ नामक ब्याक्टेरियाका कारणले हुने गर्दछ । यो चिगर माइट नामक किर्नाको टोकाइका कारणबाट हुने कीटजन्य रोग हो । सन् २०१५ मा केही बालबालिकाको मृत्यु स्क्रब टाइफसले भएको प्रमाणित भएपछि यसले नेपालमा विशेष चर्चा पाएको हो । कतिपयले २०७२ सालको भूकम्पले गर्दा यो रोग फैलिएको/देखिएको भनेता पनि यो ब्याक्टेरिया दुई दशकअगाडि नै नेपालमा देखिइसकेको अध्ययन-अनुसन्धानहरुले देखाएका छन् । तर, धरान घटनाअगाडिसम्म स्क्रब टाइफस नियमित परीक्षणमा समावेश नहुने हुँदा यसको अवस्थाका बारेमा सन् २०१५ अगाडि अनभिज्ञ नै देखिन्छ । नेपालमा बर्सेनि विशेष गरेर मनसुन ‘सिजन’मा स्क्रब टाइफसको सक्रियता बढी देखिने गरेको अस्पताल तथ्याङ्कहरुले देखाउँछन् । केहीको उपचारमा ढिलाइ हुँदा वा उपचारका क्रममा मृत्युसमेत हुने गरेको देखिन्छ । विशेषतः गाउँघरतिर अथवा वनजङ्गल जाँदा (घाँसदाउरा काट्न जाँदा) अथवा पछिल्लो समय शहरमा हाइकिङमा जाने बढ्दो प्रचलनले पनि स्क्रब टाइफसको जोखिम बढेको देखिन्छ। कुनै कारणले अग्ला वा ठूला झाडीमा वा घाँसेमैदानको सम्पर्कमा आउँदा मानिसमा चिगर माइट टाँसिने अनि त्यसले टोक्ने गर्दछ र स्क्रब टाइफस रोगको सम्भावना बढेर जाने गर्दछ। अहिले पनि धेरैले ज्वरोलाई बेवास्ता गर्दा स्क्रब टाइफसले जटिल अवस्था लिएको देखिन्छ। स्क्रब टाइफससम्बन्धी जानकारीलाई अझैँ प्रभावकारी रुपमा प्रचार गर्नुपर्ने खाँचो छ।

**हैजा**

दुई दशकअगाडि काठमाडौँमा हैजाका बिरामी नियमित जस्तो देखिन्थे। नियमित मात्र होइन मनसुन सुरु भएसँगै अस्पताल नै भरिभराउ हुने गर्दथ्यो। घण्टा बित्न नपाउँदै ४०/५० जना अस्पताल भर्ना हुन आउने गरेको लेखकको अनुभव छ। हाल त्यो भयावह अवस्था छैन, तर हैजालाई नेपालमा इतिहासमा सीमित राख्न सकेको अवस्था पनि छैन । काठमाडौँमा अहिले पनि हैजा नियमित जस्तो देखिने गरेको पाइन्छ। केही वर्षपहिले हैजाका कारणले नवलपरासीमा केही बिरामीको मृत्यु भएको थियो। हैजा कडा भएको अवस्थामा पनि तुरुन्तै उपचार पाए मृत्युको सम्भावनालाई घटाउन सकिन्छ । तर, भौगोलिक रुपमा विकट एवं दुर्गम ठाउँहरुमा जटिल प्रकृतिको हैजा देखिए त्यसबाट व्यक्तिको मृत्यु पनि हुने सम्भावना रहन्छ। किनभने त्यस्ता ठाउँबाट बिरामीलाई सुविधासम्पन्न अस्पतालसम्म समयमा ल्याउन कठिन हुने गर्दछ। जस्तै, सन् २००९ को अप्रिल-जुलाई महिनामा जाजरकोटमा १११ जनाको हैजाका कारण ज्यान गयो। जाजरकोटमा धेरै पटक हैजा दोहोरिएको पनि देखिन्छ। अर्थात् हामीले यो घटनाबाट पाठ सिकेको वा गम्भीर भएको देखिँदैन । हाल हैजा फैलने तरिका वा स्रोतमा पनि केही फरक देखिन थालेको छ। हैजा मुख्यतया पानी अनि सङ्क्रमित खानेकुराबाट फैलने गर्दछ । पछिल्लो समय मानिसहरु पानी र खानेकुरामा केही हदसम्म सजक हुन थालेका देखिन्छन् । तर, बजारमा पाइने कतिपय जारका वा बोतलमा राखिएका पिउने पानीमा नियमितजसो कोलिफोर्म भेटिएका खबर आइरहेका छन् । अर्थात् यसलाई दिसा मिसिएको पानी घरघर पुग्ने गरेको सङ्केतका रुपमा लिन सकिन्छ।

यस्ता पानी निर्मलीकरण गरेर नपिउने भएकाले हैजाको जोखिम बढेको हो । त्यस्तै केही दिनयता झिङ्गा पनि यत्रतत्र देखिन सुरु भएको छ । झिङ्गा पनि हैजा फैलाउने एक माध्यम हो । विगतमा झिङ्गाबाट रोग फैलिन्छ भनेर नियमित रुपमा जानकारीहरु प्रवाह भइरहन्थ्यो, तर आजभोलि यस्तो प्रचारमा कमी आएको छ। त्यस्तै व्यावसायिक पानीको नियमित तथा प्रभावकारी अनुगमन नहुँदा हैजाको जोखिम यथावत् देखिन्छ र यसबाट प्रकोप/महामारीको सम्भावनालाई बढाएको छ।

**जापानिज इन्सिफलाइटिस**

लामो समयको अन्तरालपछि नेपालमा गत वर्ष जापानिज इन्सिफलाइटिस अस्वाभाविक रुपमा बढेको थियो जसका कारण कम्तीमा १४ जनाको ज्यान गएको थियो। यो अघिल्लो वर्षको भन्दा दोब्बर थियो। त्यस्तै यस भाइरसबाट ६० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए। यसबाट जापानिज इन्सिफलाइटिसले ‘स्टेप ल्याडर’ तरिकाले पुनः देखिने गर्दै गइरहेको देखिन्छ। त्यसो भए “के यो वर्ष पनि सङ्क्रमित र मृत्युदरको सम्भावना छ त ?” भन्ने प्रश्न गम्भीर रुपमा देखा परेको छ। यो प्रश्नको उत्तर केही हदसम्म बर्सेनि बढ्दो सङ्क्रमणको कारण र फैलन रोक्ने पूर्वतयारीको अवस्थाले तय पनि गर्नेछ । यो भाइरसविरुद्ध प्रयोग भएका खोपको प्रभावकारिताको अवधि वा खोपले निरन्तरता पाए/नपाएको जानकारी पनि महत्वपूर्ण हुनेछ । जापानिज इन्सिफलाइटिस फैल्याउने लामखुट्टे मनसुनमा सक्रिय भइरहेको अवस्थाको सङ्केत गत वर्ष देखिएको जापानिज इन्सिफलाइटिस बिरामीको संख्याबाट पनि अनुमान गर्न सकिन्छ। यसर्थ यो वर्ष पनि विगतको वर्षभन्दा फरक हुने सम्भावना कमै छ।

**श्वासप्रश्वास सङ्क्रमण**

बर्सेनि मनसुनको मध्यतिर श्वासप्रश्वास सङ्क्रमण विशेषत फ्लु भाइरसको लहर देखिने गर्दछ । विगतको अनुभवलाई आधार मान्ने हो भने फ्लु भाइरसले बेलाबेलामा महामारीको रुप समेत लिने गरेको देखिन्छ। कोभिड-१९ अगाडि ‘एचवानएनवान पिडिएम ०९’ नामक फ्लु भाइरस प्यानडेमिक घोषणा भएको थियो । सन् १९१८ मा पनि ‘स्पेनिस फ्लु’ को नामले चिनिने फ्लु भाइरसले अनुमानित पाँच करोड मानिसको ज्यान लिएको तथ्याङ्क छ। हुन त नेपालमा यसलाई ‘भाइरल’ वा सामान्य रुघाखोकीका रुपमा लिने चलन भएता पनि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिकाको स्वास्थ्यलाई जटिल बनाउने गरेको देखिन्छ । फ्लुविरुद्ध उपलब्ध खोपले सङ्क्रमणलाई जटिल हुनबाट रोक्न धेरै हदसम्म सहयोगी हुने गर्दछ । फ्लु सक्रिय भएको अवधिभरि बाहिर वा सार्वजनिक स्थानमा जाँदा मास्क लगाउने तथा घरमा आएपछि राम्ररी साबुनपानीले हात धुने बानीले पनि सङ्क्रमण रोक्न धेरै हदसम्म सहयोगी हुनेछ। यस्ता जानकारीहरु विभिन्न सञ्चारका माध्यममार्फत् निरन्तर जानकारी दिने अनि विद्यालयमा पनि विद्यार्थीलाई अनिवार्य सिकाउन सके अझ प्रभावकारी हुनेछ।

**अज्ञात वा आयातित सङ्क्रामक रोग**

नेपालमा हाल पनि औँलामा गन्न सक्ने सरुवा रोगलाई वा सङ्क्रमणलाई नियमित परीक्षणमा समावेश गर्ने गरिन्छ। यसर्थ पनि अधिकांश बिरामीमा ज्वरोका कारण पत्ता लाग्ने गरेको पाइन्न । नेपालीहरु हरेक हप्ता हजारौँको संख्यामा रोजगारीका लागि विदेश जाने गर्दछन् । त्यहाँबाट नेपालमा पहिला नदेखिएका सङ्क्रमणहरु भित्रिन सक्ने जोखिम उच्च हुने गर्दछ । कोभिड-१९, अफ्रिकी मलेरिया, चण्डीपुरा भाइरस जस्ता भाइरसहरु नेपालमा पछिल्लो समय भित्रिएका केही रोगहरुका नाम हुन् । जिका भाइरस, निपाह भाइरस, क्यासिनुर फोरेस्ट डिजिज (मङ्की ज्वरो), मर्स कोरोना भाइरसजस्ता सङ्क्रामक रोगहरु छिमेकी देश भारत वा मध्यपूर्वका देशहरुमा देखिँदै आइरहेका छन् जुन नेपालका लागि पनि जोखिम मान्नु पर्दछ। यी सङ्क्रमणहरु नियमित परीक्षणको सीमितताले गर्दा नेपाल भित्रिएका वा भित्रिनसकेका भनेर यकिन भने गर्न सकेको छैन। हाल नभित्रिएको रहेछ भने पनि आगामी दिनहरुमा भित्रिँदैन भन्ने कुनै आधार पनि देखिँदैन।

यी उल्लिखित रोगहरु पनि हावाजन्य वा कीटजन्य सङ्क्रमणहरु नै भएकाले मनसुन सिजनमा फैलन सक्ने जोखिम रहन्छ। तसर्थ हाल उपलब्ध नियमित परीक्षणबाट पत्ता नलागेका सङ्क्रमणलाई थप परीक्षणको व्यवस्था गर्नु उचित हुनेछ । किनभने हाल यी पुष्टि हुन बाँकी रहेका सङ्क्रामक रोगले भोलि प्रकोप वा महामारीको रुप नलेला भन्न सकिँदैन। यसको बलियो उदाहरणका रुपमा सन् २००४ मा एकजनामा पुष्टि भएको डेङ्गु भाइरस हाल आएर नेपालका लागि सबैभन्दा ठूलो चुनौतीका रुपमा खडा हुनु नै हो।

अन्तमा, सङ्क्रमणले महामारीको स्वरुप लिइसकेपछि आत्तिने अनि सकिएपछि बिर्सने बानी हाल पनि यथावत् नै देखिन्छ । कोभिड-१९ र सन् २०२२ को डेङ्गु महामारी यसको ज्वलन्त उदाहरणका रुपमा लिन सकिन्छ। मनसुन अगाडि विगतका अनुभव तथा उपलब्ध स्रोतसाधनका आधारमा योजना बनाउने अनि मनसुन सुरु भएसँगै योजनाको कार्यान्वयन पक्षलाई लागू गर्नुपर्दछ। माथि उल्लिखित सङ्क्रामक रोगहरु आगामी दिनहरुमा (मनसुनमा) प्रकोप/महामारीका रुपमा देखिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन।

(सरुवा रोगविज्ञ डा. शेरबहादुर पुन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ।)

# ‘प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगबिना देश समृद्ध हुन सक्दैन’

त्रिवेणी (नवलपरासी) गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगबिना देश समृद्ध हुन नसक्ने धारणा राखेका छन् नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको विनयी त्रिवेणीमा ‘वन जैविक वस्तु व्यवस्थापन तथा कृषिको दिगोपन’सम्बन्धी राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उहाँले देशले अब समृद्धि मागेको बताउँदै त्यसको आधार प्राकृतिक स्रोतसाधनको प्रयोग भएको उल्लेख गरे

सभामुख धितालले भने-“राजनीतिक रूपमा थुप्रै उपलब्धि हासिल भए पनि देशले समृद्धि मागेको छ, त्यसका थुप्रै आधारमध्ये प्राकृतिक स्रोतसाधनको समुचित प्रयोग हो यसलाई प्रयोग नगरी देश समृद्ध हुनसक्दैन” देशलाई समृद्धिको बाटोमा लैजाने प्रमुख आधार वन क्षेत्र पनि भएको उनले बताए

रासायनिक मलको प्रयोगले माटोमा भएका जैविक तत्वको विनाश भएको भन्दै सभामुख धितालले यसलाई जोगाउन सबै कृषक, सरोकार भएका निकायले पहल गर्नु जरुरी रहेको बताए वनमा रहेका अनावश्यक झारपातबाट विनयी त्रिवेणीमा जैविक मल उत्पादन सुरु भएकामा धन्यवाद दिँदै यसलाई विस्तार गर्दै देशैभरि नयाँ सन्देश दिनुपर्नेमा उनले जोड दिए

सभामुख धितालले खेतबालीमा रासायनिक मल र विषादीको प्रयोग बढ्दै गइरहेकाले यसलाई प्रतिस्थापन गर्नुपर्ने आवश्यकता औँल्याए भोलिका दिनमा स्वास्थ्यमा आउनसक्ने गम्भीर समस्या रोक्न, माटोको गुणस्तर सुधारका लागि जैविक मल प्रयोगमा सबैले जोड दिनुपर्ने उनको भनाइ छ “वन डढेलोबाट आउने धुँवाले जति असर गरेको छ, प्लास्टिक जलाउँदा थप विषालु धुँवा उत्पन्न हुने र मानव स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले यसतर्फ सबै सचेत हुनु जरुरी छ”- सभामुख धितालले भने

प्रदेशका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले देशमा प्रशस्त प्राकृतिक स्रोतसाधन भए पनि त्यसलाई उपभोग गर्न नसकिएको बताए विश्वका धनी राष्ट्र नेपालको प्राकृतिक स्रोतसाधनको प्रयोगबाट धनी भएका उल्लेख गर्दै उहाँले वनमा रहेका जैविक वस्तुको प्रयोग गरी मल उत्पादनतर्फ लाग्दा दिगो रूपमा उत्पादन र उत्पदकत्वका साथै मानव स्वास्थ्यमा सकारात्मक फाइदा पुग्ने धारणा राखे “वनभित्र यतिकै रहेका झाडी डरलाग्दो इन्धनका रूपमा छन्, आगो लाग्ने वित्तिकै ठूलो मात्रामा डढेलो लाग्ने र यसले वनमा क्षति पुऱ्याउने, मानवीय क्षति पुऱ्याउने अवस्था रहेकाले यसको उचित व्यवस्थापन आवश्यक छ”, मन्त्री पौडेलले भने- “यसको विकल्पमा जैविक मल उत्पादन गर्न सकिने देखिएकाले यसलाई विस्तार गर्दै लैजानुपर्छ” वन डढेलो नियन्त्रणसँगै माटोको अवस्था सुधार गर्न समेत जैविक मल उत्पादन कार्य उपयुक्त भएको मन्त्री पौडेलले बताए

विनयी त्रिवेणी गाउँपालिका र डिभिजन वन कार्यालयको समन्वयमा विनयी सामुदायिक वन उपभोक्ता समूह तथा नेपाल बायो विज्ञान अनुसन्धान ल्याबको आयोजनामा ‘वन जैविक वस्तु व्यवस्थापन तथा कृषिको दिगोपन’सम्बन्धी राष्ट्रिय सम्मेलन दुम्किबासमा सुरु भएको हो वनभित्रको झाडीको व्यवस्थापन गरी जैविक मल उत्पादन तथा बिक्री गरेकाले यसैलाई केन्द्रित गरी सम्मेलन सुरु भएको विनयी सामुदायिक वनले जनाएको छ

वनमा काम नलाग्ने अवस्थामा रहेका झाडीको व्यवस्थापन गरी जैविक मल बनाउने र त्यसलाई कृषिसँग जोडेर उत्पादन वृद्धि गराउने लक्ष्यसहित दुम्किबासको विनयी सामुदायिक वनमा सफलतापूर्वक मल उत्पादन गरिएकाले यसलाई देशव्यापी बनाउने र सकारात्मक सन्देश प्रवाह गर्न सम्मेलन गरिएको विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले जनाए

दुई दिनसम्म सञ्चालन हुने उक्त सम्मेलन वन डढेलोका कारण हुने क्षति न्यूनीकरण, वायु प्रदूषण न्यूनीकरण, वनमा आधारित उद्यम विकास, वनमा काम नलाग्ने झाडीबाट जैविक मल उत्पादनलाई थप व्यवस्थापन र विस्तार कसरी गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहने यहाँले जानकारी दिए सम्मेलनमा वन विज्ञ, कृषि विज्ञ र यसमा सरोकार राख्ने व्यक्तिको सहभागिता छ

Krishnanagar Municipality
Office of Municipal Executive
Krishnanagar , Kapilvastu
Lumbini Province

Invitation for online Bids

Date of first publication : 2082-01-14 (27th April ,2025)

The krishnanagar Municipality ,Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name : Office of Municipal Executive Krishnanagar , kapilvastu

| S. N | contract ID | Name of Projects | Estimated Amount (with out VAT& Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date& Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/SQ/GOODS-04/2081/82 | Procurement of Medicine and Surgical Device For Shivaraj Hospital Pharmacy | 1586684.25 | 40,000.00 | 1000.00 | 16-05-2025 12:00 | |

Khemraj Devkota
Chief Administrative Officer

# नेपालमा कति छन् विद्यालय ?




बुटवल । नेपालको शिक्षा क्षेत्रमा विगतमा भएको लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धि प्राप्त हुन थालेको छ

पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४ दशमलव ७ पुगेको छ भने प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिको प्रतिशत ६६ दशमलव ९ पुगेको राष्ट्रिय योजना आयोगले जनाएको छ

आयोगका अनुसार, प्राथमिक तह कक्षा १ देखि ५, आधारभूत तह कक्षा १ देखि ८ माध्यमिक तह कक्षा ८ देखि १२ को खुद भर्नादर क्रमशः ९६ दशमलव ९ प्रतिशत ९२ दशमलव ७ प्रतिशत र ४६ दशमलव ४ प्रतिशत पुगेको छ

कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९ दशमलव ६ प्रतिशत र ७७ दशमलव ९ प्रतिशत रहेका जानकारी दिइएको छ आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको पनि आयोगले जानकारी दिएको छ प्रारम्भिक बाल विकास शिक्षामा नौ लाख ७४ बालबालिका अध्ययनरत रहेका छन् लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ० दशमलव ९८ र १ दशमलव ०१ रहेको आयोगले जनाएको छ विद्यालय दोहोर्‍याउने कक्षा १ देखि ५ सम्म आधारभूत तहमा ३ दशमलव ८ र कक्षा ६ देखि ८ सम्म ४ दशमलव ४ तथा कक्षा ९ र १० को माध्यमिक तहमा ३ दशमलव ७ मा झरेको छ

आयोगका अनुसार अहिले मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५ हजार ५५ वटा विद्यालय सञ्चालनमा छन् अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीलाई सेवा प्रवाह गरिरहेको छ

विसं २०६८ को जनगणनामा १५ वर्षमाथिको जनसंख्याको साक्षरता ५८ प्रतिशत रहेकोमा आव २०७४/७५ मा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता ८८ दशमलव ६ प्रतिशत पुगेको छ हालसम्म ५१ जिल्ला सक्षर घोषणा भइसकेका आयोगद्वारा प्रकाशित प्रमुख आर्थिक सूचकको प्रयोग विधि पुस्तकमा उल्लेख छ।

---

## लुम्बिनी...

उनले बौद्ध धर्मले दुवै राष्ट्रलाई सहिष्णुता, शान्ति र करुणाको साझा सुत्रमा बाधेको जनाए

नेपालको लुम्बिनी बुद्धको जन्मस्थल हो, जहाँबाट करुणाको प्रकाश विश्वभरि फैलिएको बताउँदै उनले चीनले त्यो प्रकाशलाई आत्मसात गर्दै बौद्ध दर्शनलाई आफ्नै मौलिकतासहित विकास र संरक्षण गरिरहेको बताए काङले लिटिल बुद्धको समुद्घाटन गरी अनावरण गरिएको बुद्धको मूर्ति एउटा ढुङ्गाबाट कसरी बनेको भन्ने बारे पनि जानकारी गराएका थिए उनले यो कार्यक्रममा लागि धेरै चिनियाँ अतिथिहरु यहाँ आएको र आतिथ्यता गरेकोमा धन्यवाद समेत दिए

नेपाल र चीनबिचको साँस्कृतिक सम्बन्ध विस्तारका लागि चौथो फेस्टिभल लुम्बिनीमा आयोजना गरिएको हो चौथो एसियाली बौद्ध साँस्कृतिक महोत्सवको उद्घाटन कार्यक्रम लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाको अध्यक्षतामा भएका थियो कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायतको आतिथ्यता रहेको थियो कार्यक्रममा ४० देशका प्रतिनिधिहरूको सहभागिता रहेको छ

लुम्बिनीमा पहिलोपटक यो महोत्सव भएको हो यसअघि एसियाका अन्य मुलुकमा आयोजना हुने गरेको थियो फेस्टिभलअन्तर्गत लुम्बिनी बौद्ध विश्वविद्यालयमा अन्तर्राष्ट्रियस्तरको सेमिनार पनि आयोजना भएको छ नेपाल र चीनबिचको कला र संस्कृति प्रवर्धनको उद्देश्यसहित फेस्टिभल आयोजना गरिएको हो चीनको वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेन्ज लिमिटेड, वीचो पिस क्यालिग्राफी एण्ड पेन्टिङ एकेडेमी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषले पनि सहकार्य गरेका छन्

## ललितपुर....

पापा इबोउ केबेले ७४औं मिनेटमा गोल गर्दै ललितपुरलाई अग्रता दिलाए

पापा इबोउ केबेले ललितपुरको अग्रता २-१ बनाए पहिलो गोल गरेका इमोह इजेकेलले असिस्ट गरेका हुन् यस पटक पनि पोखराले आफ्नै गल्तीले गोल खाएको छ पोखराका विलियम बिएस्सीले क्लियर गरेको बल फितलो रहेपछि बक्स बाहिर रहेका इमोहले बल पाए उनले सिधै बक्सम क्रस दिए पोखराका जाफारोभले बल रोक्न खोजेपनि भेटेनन् त्यसपछि ललितपुरका पापा केबेले बल पाए उनले कन्ट्रोल गर्दै सानदार फिनिस गरे

त्यसपछि पोखराले खेलमा पर्कने प्रयास गरेपनि सफल हुन सकेन र पहिलो पटक उपाधि जित्ने लक्ष्य पूरा भएन ललितपुरका कप्तान अनन्त तामाङसहित सनिश श्रेष्ठ, आदित्य शाक्यसँगै विदेशी खेलाडीहरु जेफ्री बाल्टुस, इमोह इजेकेल र पापा इबोउ केबेले लगातार

---

नेपाल नेत्र ज्योति संघ

### लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर
### श्री रण अम्बिका शाह आँखा अस्पताल

## आवश्यकता

**प्रकाशित मितिः २०८२/०१/१४**

नेपाल नेत्र ज्योति संघ/लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर/श्री रण अम्बिका शाह आँखा अस्पतालमा सञ्चालन हुन लागेको **Skilled Base Optical Dispensing, Glass Surfacing** र **Manufacturing and Glass Fitting** तालिम १ वर्षको लागि इच्छुक नेपाली नागरिकहरुबाट निवेदन मागको लागि यो सूचना प्रकाशित गरिएको छ

- **आवश्यक संख्या** :- ६ जना
- **न्यूनतम शैक्षिक योग्यता** : SEE वा सो सरह उत्तीर्ण
- **तालिम शुल्क** : रु.६०,०००/- (अक्षेरुपीः साठी हजार रुपैयाँ मात्र)
- **Stipend** : प्रति महिना रु.५,०००/- (पाँच हजार रुपैयाँका दरले Stipend उपलब्ध गराइनेछ
- **उमेर** : १६ वर्ष पूरा भई ३० वर्ष ननाघेको
- **परीक्षाको किसिम** :- अन्तर्वार्ता
- **पढाईको किसिम** : Practical तथा Theory कक्षा
- **आवेदन शुल्क** : आवेदन फारम अस्पतालको प्रशासन शाखाबाट निःशुल्क उपलब्ध गराईने छ
- **आवेदन दिने अन्तिम मिति** : सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र
- **अन्तर्वार्ता मिति** :२०८२।०२।०२ गते, दिउँसो २ बजे

**अन्तर्वार्ता दिन आउँदा ल्याउनु पर्ने आवश्यक कागजातहरु :**

(१) नागरिकताको प्रमाणपत्र प्रतिलिपि थान १
(२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट, प्राप्त शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरु विदेशबाट शैक्षिक उत्तीर्ण गरेको हकमा सो को समकक्षताको प्रमाणपत्र
(३) पासपोर्ट साइजको फोटो २ थान

**प्रशासन शाखा**
**सिद्धार्थनगर, रूपन्देही, भैरहवा**

---

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

---

# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी(बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशितमिति : २०८१/११/२७
दोस्रो पटक प्रकाशितमिति : २०८२/०१/१४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरी यस मध्यविन्दु नगरपालिका, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८१/०८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। मिति २०८२/१/३० गते १२:०० बजे भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले www.madhyabindumun.gov.nptyfwww.bolpatra.gov.np/egp बाट बोलपत्र Download गरी देहायको मिति र समय भित्र बोलपत्र www.bolpatra.gov.np/egp मा Upload गर्नु पर्नेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपसिलः**

### गिरुबारी खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ०१/०८१/८२-MB | सिमरा खण्ड-क | २७°३४'९.६१'' देखि २७°३४'१८.४२'' | ८३°५९'५२.०२'' देखि ८३°५९'५५.०६'' | १४५०० | ४,६०८,६०८ | | ३०००/ |
| ०३/०८१/८२-MB | टिकुली टार खण्ड | २७°३४'४५.८१'' देखि २७°३४'३३.८९'' | ८४°०'११.५६'' देखि ८४°०'४.५१'' | ३४०२० | १०,८१२,७४७ | | ३०००/ |
| ०८/०८१/८२-MB | भागरा खण्ड-ख | २७°३७'१४.१९'' देखि २७°३७'२०.८०'' | ८४°०'३४.२३'' देखि ८४°०'२२.३६'' | २५२७२ | ८,०३२,३२६ | | ३०००/ |
| ०९/०८१/८२-MB | झाङ्गटा खण्ड-क | २७°३७'३३.१८'' देखि २७°३७'४१.६७'' | ८४°०'१८.९९'' देखि ८४°०'१८.११'' | १०५०० | ३,३३७,२६८ | | ३०००/ |
| १०/०८१/८२-MB | झाङ्गटा खण्ड-ख | २७°३७'४३.०३'' देखि २७°३७'५५.६०'' | ८४°०'१५.८५'' देखि ८४°०'१४.७९'' | १६८७२ | ५,३६२,५१२ | | ३०००/ |
| ११/०८१/८२-MB | रातो पहरा खण्ड | २७°३८'१३.४८'' देखि २७°३८'२५.३६'' | ८४°०'४.५८'' देखि ८४°०'३.५५'' | ८८८० | २,८२२,३७५ | | ३०००/ |
| १२/०८१/८२-MB | सिम्ले खण्ड | २७°३८'३४.०९'' देखि २७°३८'४६.४७'' | ८४°०'४.९५'' देखि ८४°०'८.९०'' | १७२२० | ५,४७३,११९ | | ३०००/ |
| १३/०८१/८२-MB | सिम्रेनी भिम्रेनी खण्ड ख | २७°३९'४४.४६'' देखि २७°३९'४९.४०'' | ८४°१'१४.३५'' देखि ८४°१'२३.२०'' | १२२९६ | ३,९०८,०९९ | | ३०००/ |
| १४/०८१/८२-MB | बसन्तपुर-हुप्सेकोट सिमाना खण्ड क | २७°३९'५०.७१'' देखि २७°३९'५६.९९'' | ८४°१'२४.२९'' देखि ८४°१'३४.५७'' | २३४६० | ७,४५६,४०९ | | ३०००/ |

### अरुणखोला खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १५/०८१/८२-MB | गरमटोला खण्ड | २७°३४'४६.९०'' देखि २७°३५'३.९५'' | ८३°५७'४१.१७'' देखि ८३°५७'३९.२८'' | ३४६५० | ११,०१२,९८३ | | ३०००/ |
| १९/०८१/८२-MB | रातोपहरा खण्ड | २७°३७'२६.४६'' देखि २७°३७'३९.०८'' | ८३°५७'२१.०६'' देखि ८३°५७'२५.८७'' | ९९६० | ३,१६५,६३७ | | ३०००/ |
| २०/०८१/८२-MB | दाद्रा खण्ड | २७°३८'१९.००'' देखि २७°३८'२८.३२'' | ८३°५७'१९.६७'' देखि ८३°५७'२५.६४'' | १६५६० | ५,२६३,३४८ | | ३०००/ |
| २१/०८१/८२-MB | खयरसाल खण्ड-क | २७°३८'४५.६४'' देखि २७°३८'५८.६३'' | ८३°५७'२७.६३'' देखि ८३°५७'२३.३०'' | २७८६४ | ८,८५६,१५४ | | ३०००/ |
| २२/०८१/८२-MB | खयरसाल खण्ड-ख | २७°३९'८.६१'' देखि २७°३९'१८.६१'' | ८३°५७'२५.०२'' देखि ८३°५७'२५.०२'' | २१६०० | ६,८६५,२३६ | | ३०००/ |
| २३/०८१/८२-MB | खयरसाल खण्ड-ग | २७°३९'२०.८७'' देखि २७°३९'२६.९८'' | ८३°५७'२४.०१'' देखि ८३°५७'१८.७४'' | १४५२० | ४,६१४,९६४ | | ३०००/ |
| २४/०८१/८२-MB | खयरसाल खण्ड-घ | २७°३९'२८.३७'' देखि २७°३९'४३.३१'' | ८३°५७'२१.३६'' देखि ८३°५७'१०.६५'' | ३४७२० | ११,०३५,२३१ | | ३०००/ |
| २५/०८१/८२-MB | स्कुल टाँडी खण्ड | २७°३९'४७.३६'' देखि २७°३९'५८.९२'' | ८३°५७'९.३१'' देखि ८३°५७'१.६४'' | ३४४४० | १०,९४६,२३७ | | ३०००/ |
| २६/०८१/८२-MB | कोटथर खण्ड | २७°३९'५९.९८'' देखि २७°४०'७.३९'' | ८३°५७'१.०३'' देखि ८३°५६'५३.७०'' | ३०२४० | ९,६११,३३० | | ३०००/ |
| २७/०८१/८२-MB | द्वारदह खण्ड क | २७°४०'८.९९'' देखि २७°४०'२७.२१'' | ८३°५६'५१.२२'' देखि ८३°५६'४५.७५'' | ३५४०० | ११,२५१,३५९ | | ३०००/ |

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि, बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वानेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं. ३१८०३०००००१००१०००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८२/०१/३०गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।बोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको धरौटी खाता नं. ३१८०३००००००३००१०००००१मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड)सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०१/३० गतेका दिन दिनको १२:००बजे भित्रविधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८२/०१/३० गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५०प्रतिशतले हुने रकम नेपाल राष्टबैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असारमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५०प्रतिशतले हुने रकमजेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकमजफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस नगरपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन,२०७४,सम्बन्धित स्थानिय तहबाट जारी भएकाकानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२ साल जेठ मसान्तसम्म रहनेछ।तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन् कार्य बन्द गरिने छ।साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्र्ति दावी गर्न पाईने छैन।यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार नगरपलिकामा भुझाउनु पर्ने छ।(IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा नगरपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्ने छ।

१३. नदिजन्य पदार्थलाई घाटगद्धि नगरपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धिगरेरपरिमाणनापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, मध्यविन्दु नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ , मध्यविन्दु नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत
मध्यविन्दु नगरपालिका



बिक्रिका लागि राखिएका  तरभुजा
घोराही उपमहानगरपालिका-१४ को एक पसलमा बिक्रीका लागि राखिएका तरभुजा। दाङमा गर्मी बढेसँगै तरभुजाको व्यापार बढेको छ। तस्बिरः रञ्जिता अधिकारी/रासस

# सहकारीको ज्ञान नहुँदा सहकारीमा समस्या



बुटवल । सहकारीका सञ्चालक र शेयर सदस्यहरूले सहकारीको मूल्य-मान्यता र सहकारीले गर्न पाउने कामकाबारेमा अनिवार्य जानकार हुनुपर्नेमा एक कार्यक्रममा सहभागीहरूले  सुझाव दिएका छन् । सोही उद्देश्यलाई साकार पार्न बुटवल उप-महानरपालिका वडा नम्बर ८ सुख्खानगरमा रहेको धौलागिरी बहुउद्देश्य सहकारी संस्थाले शनिबार सहकारी सञ्चालकहरूको लागि क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ।

तालिम शुभारम्भ कार्यक्रममा बोल्दै सहकारीका संरक्षक, तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले केही सीमित सहकारीको कारण सिंगो सहकारी अभियान नै बदनाम भैरहेको भन्दै सहकारीको मूल्यमान्यताअनुसार सञ्चालनमा आएका सहकारीमा ठोस समस्या नभएको बताए। सहकारीले सहकारीताबाट मानिसलाई मालिक बनाउने अभिया(नमा लाग्नुपर्ने भन्दै मेयर खाँणले सहकारीबाट नेतृत्व र व्यक्तित्व विकास हुने गरेको सुनाए। उनले सञ्चार कर्मीले वास्तविकतालाई ओझेलमा पारेर समाचार नबनाउन पनि आग्रह गरे।

देशभरमा ३० हजारभन्दा बढी सहकारी रहेको भन्दै उनले जसमा ३५ प्रतिशतभन्दा बढी महिला सदस्यहरू रहेको कारण सबै सहकारीले महिला उद्य(मशिलताको प्रवर्धनमा विशेष ख्याल गर्नुपर्ने सुझाव दिए।

सहकारीका प्रमुख सल्लाहकार  तथा सैनामैना नरपालिका प्रमुख फणेन्द्रप्रसाद शर्माले सहकारीले बैंकभन्दा सहकारीताबाट काम गर्न आवश्यक रहेको बताए। उनले सहकारीले  सामूहिक उद्यमशिलता प्रवर्धनको कार्यमा विशेष ख्याल गर्नुपर्ने र सहकारी सदस्यहरूको लागि भरोसाको केन्द्र बन्नुपर्ने सुझाव दिए।

कार्यक्रममा सहकारीका अध्यक्ष गोविन्द खनालले धौलागिरी सहकारी सरकारी मूल्यमान्यताअनुसार सञ्चालनमा आएको भन्दै यसमा कुनै पनि समस्या नभएको बताए। सहकारीलाई बुझ्नको लागि सहकारी सञ्चालक सदस्यहरूले विशेष  सक्रियातपूर्वक  ध्यान दिन आवश्यक रहेको भन्दै सहकारीले उद्यमशिलता प्रवर्धनको कामलाई अगाडि बढाउने बताए।

कार्यक्रममा सहकारीका तालिम  संयोजक राजेन्द्रप्रसाद बस्यालको स्वागतमा भएको कार्यक्रममा सचिव  ठाकुर घिमिरेको सञ्चालनमा भएको थियो। तालिममा बुटवल उप-महानरपालिका सहकारी शाखा प्रमुख गुणाखर खनालले सहजीकरण गर्दै सहकारीले अनिवार्यरूपमा गर्नुपर्ने कार्य, कर्जा प्रवाहको दरसहितका विषयमा प्रकाश पारेका थिए। तालिममा ४० जनाभन्दा बढी सहकारी सदस्यहरूको सहभागिता रहेको थियो।

# प्रेस चौतारीले स्थापना दिवस मनाउने



पाल्पा। प्रेस चौतारी नेपाल पाल्पा शाखाको बैठक तानसेनमा सम्पन्न भएको छ। शाखाले विभिन्न विषयमा निर्णय गर्दै शाखा स्थापना दिवस भव्य रूपमा मनाउने निर्णय गरेको छ।

शाखाले मे १ अर्थात् बैशाख १८ गते मजदुर दिवसको दिन जिल्लाका सञ्चार मजदुरहरूलाई सम्मान गर्ने निर्णय गरेको छ। बैशाख २७ गते शाखा स्थापना दिवसको अवसरमा माध्यमिक तह विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने भएको छ।

स्थापना दिवसको अवसरमा चौतारीले  २०८२ सालमा प्रदान गर्ने चौतारी  पत्रकारिता पुरस्कार प्राप्त गर्ने व्यक्तिहरूको नामावली सार्वजनिक गर्ने निर्णय गरेको छ।

शाखाले पुरस्कारको लागि ३ सदस्यीय छनोट समिति समेत गठन गरेको छ। बैठकमा शाखाले वार्षिक कार्ययोजना बनाएर काम गर्ने, विभिन्न समयमा चौतारी घुम्ती बैठक सञ्चालन गर्ने, सदस्यता वृद्धि गर्ने, निर्णय गरेको छ।

बैठकमा नेकपा एमालेका जिल्ला कमिटी सदस्य एवं प्रेस चौतारी इञ्चार्ज राजेशकुमार अर्यालले पत्रकारले जनताका जीवनशैलीसँग जोडिने खोजमूलक समाचारमा ध्यान दिई समाज परिवर्तनमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

अबका दिनमा परम्परागत धारणा, विचारबाट पत्रकारिता चल्न नसक्ने भएकोले प्रविधिमा आधारित पत्रकारिताको खाँचो रहेको इञ्चार्ज अर्यालले बताए। पाल्पामा धेरै विषयबस्तुका समाचारहरू ओझेलमा परेकाले पत्रकारले चनाखो भएर काम गर्न अर्यालले जोड दिए।

कार्यक्रममा प्रेस चौतारी नेपालका पूर्वकेन्द्रीय सदस्य एवं प्रदेश सह-इञ्चार्ज कमलराज तिमिल्सेनाले पत्रकारिता पेशामा नयाँ पुस्तालाई जोड्ने गरी चौतारीले अभियान चलाउन अनुरोध गरे।

बैठकमा प्रेस चौतारी लुम्बिनी प्रदेश समिति सचिव कृष्ण पोखरेलले प्रदेश समितिले जारी गरेको पत्रकार आचार संहिता, प्रदेश समितिको वार्षिक कार्ययोजना तथा कार्यक्रमका बारेमा जानकारी गराएका थिए।

प्रेस चौतारी नेपाल जिल्ला शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षतामा चलेको बैठकमा उपाध्यक्ष सोवाकान्त पाठकको स्वागत र सचिव दयाराज न्यौपानेको सञ्चालनमा चलेको थियो।

# एम्स कलेजका विद्यार्थीहरूलाई स्वागत तथा बिदाइ



बुटवल । एम्स कलेज, बुटवलले नव प्रवेशी बीबीएस प्रथम वर्षका विद्यार्थीहरूको स्वागत र बीबीएस चौथो वर्षका विद्यार्थीहरूको बिदाइ कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ।

कलेजका प्रमुख  दीपक ढकालले विद्यार्थीहरूमा आपसी सहयोग, सहकार्य, सम्मान र समन्वयको भावना अभिवृद्धि गर्न यस्ता कार्यक्रम आयोजना गरिने गरेको जानकारी दिए।

कार्यक्रमका प्रमुख अतिथि तथा कलेज व्यवस्थापन समिति अध्यक्ष मनहरि बस्यालले विद्यार्थीहरूले उन्नतिको लागि प्रतिस्पर्धात्मक क्षमता विकासमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

कार्यक्रममा स्कलर्स होम बोर्डिङ स्कुलका सह-प्राचार्य टिकाराम गौतम, प्लस टु संयोजक  चेतनारायण पन्थी, र प्रमुख प्रशासनिक अधिकृत राजु भण्डारीलगायतले शुभकामना मन्तव्य व्यक्त गदै विद्यार्थीहरूको सफलताको शुकामना व्यक्त गरेका थिए। औपचारिक तथा अनौपचारिक सत्रमा विभाजित कार्यक्रमको सञ्चालन बीबीएस तेस्रो वर्षका विद्यार्थी सुस्मिता खत्री र करण खड्काले गरेका थिए।

कार्यक्रममा विद्यार्थीहरूले साँस्कृतिक तथा सिर्जनात्मक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए। विद्यार्थी करिश्मा तिवारी, सरिता चौधरी र अनिता महतले धन्यवाद मन्तव्य राखेका थिए भने त्रिभुवन विश्वविद्यालयको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई सम्मानित गरिएको थियो।

बिदाइ हुने विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको थियो।

कार्यक्रममा विद्यार्थी, कर्मचारी, प्राध्यापक एवम् कलेज व्यवस्थापन समितिका पदाधिकारिहरूको उपस्थिति रहेको थियो। कार्यक्रम बीबीएस तेश्रो वर्षकी पुष्पा न्यौपानेको सभापतित्वमा भएको थियो।

# महिला जनप्रतिनिधिहरू बजेट निर्माणको विषयमा अभ्यास गर्दै



पाल्पा । तानसेनका महिला जनप्रतिनिधिहरू स्थानीय सरकारको बजेट निर्माण अभ्यासमा जुटेका छन्। तानसेन नगरका महिला कार्यपालिका सदस्य, वडा महिला सदस्य, दलित महिला सदस्यहरू आगामी वर्षको बजेट निर्माण अभ्यासमा जुटेका हुन्।

तानसेन नगरपालिकाले गत वर्षको बजेट सिलिङको आधारमा टोल बस्ती, वडा-वडाबाट योजना संकलन सुरु गरेको छ। योजना संकलनको पूर्व सन्ध्यामा तानसेन नगरपालिकाभित्रका महिला जनप्रतिनिधिहरूले  योजना संकलन, योजनाहरूको प्राथमिकीकरण, वार्षिक योजना निर्माण, मध्यकालीन खर्च योजना र आवधिक योजना तथा गुरु योजनाको विषयमा प्रशिक्षण लिएका छन्।

द एसिया फाउण्डेसनले स्थानीय सरकार सवलीकरण कार्यक्रमअन्तरगत तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिहरूलाई योजना संकलन, प्राथमिकरण र वार्षिक योजना निर्माणमा प्रशिक्षण दिएको हो । तानसेन नगरपालिकाको समन्वयमा, दलित महिला केन्द्र नेपालको प्राविधिक सहयोगमा द एसिया फाउण्डेसनले तानसेनका महिला जनप्रतिनिधिहरूलाई स्थानीय सरकार सञ्चालनका विषयमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ।

तानसेन नगरपालिकामा निर्वाचित महिलाहरूको मागमा आधारित रहेर, महिलाहरूको नेतृत्व विकास, योजनातर्जुमा, वडा महिला सदस्यहरूको  कामकर्तव्य, अधिकार, भूमिका, दायित्व, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बारेमा अभिमुखीकरण गर्दै आएको द एसिया फाउण्डेसन स्थानीय सरसकार सवलीकरण कार्यक्रमका प्रदेश संयोजक चुरामणी पोखरेलले बताए।

कार्यक्रममा तानसेन नगरपालिकाका वरिष्ट कार्यक्रम अधिकृत भरत प्रसादआचार्यले जनप्रतिनिधिहरूको मागको आधारमा पालिकाले महिला, अपांग, सिमान्तकृत, समावेशीकरणलाई प्राथमिकतामा बजेट निर्माणको लागि प्रशिक्षण कार्यक्रम प्रभावकारी हुने बताए।

कार्यक्रममा प्रशिक्षक सविता परियारले महिला जनप्रतिनिधिहरूलाई महिला, अपांग, सिमान्तकृत, समावेशीकरणलाई प्राथमिकतामा राखेर बजेट निर्माणका आधारहरूको बारेमा प्रशिक्षित गरेकी छन्। हरेक योजना समावेशी, अपांग तथा महिलामैत्री भएमात्र विकास निर्माणमा समान सहभागिता तथा समान प्रतिनिधित्व हुने कार्यक्रममा जोड दियो। कार्यक्रममा प्रशिक्षक परियारले टोल बस्ती आउने योजना छनौट, आएका योजनाहरूको  प्राथमिकरणदेखि गुरु योजनासम्मका चरणका प्रक्रिया, अवस्थाको बारेमा जानकारी गराएकी थिइन।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा  डिजाइनका साथै सम्पूर्ण छपाईको लागि  सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com